खिजीदेम्वा गाउँपालिका

खिजीफलाटे,ओखलढुङ्गा

बैठक संख्या ३३

मितिः २०८१/१०/१६ गते बुधवार

खिजीदेम्वा गाउँपालिका अध्यक्ष श्री गम्बु शेर्पाज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको समुपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय वमोजिम निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गम्बु शेर्पा | अध्यक्ष | |
| २ | श्री शुसिला तामाङ | उपाध्यक्ष | |
| ३ | श्री कुमार सुनुवार | १ नं. वडाध्यक्ष | |
| ४ | श्री सुरेन्द्र शंकर घिमिरे | २ नं. वडाध्यक्ष | |
| ५ | श्री टंकराज सुनुवार | ३ नं. वडाध्यक्ष | |
| ६ | श्री होम वहादुर सुनुवार | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री राम कुमार सुनुवार | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री पासाङ निमा शेर्पा | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री डिल्ली राम वस्नेत | ७ नं. वडाध्यक्ष | |
| १० | श्री नगेन्द्र बहादुर बस्नेत | ८ नं. वडाध्यक्ष | |
| ११ | श्री ङवाङ फुरी शेर्पा | ९ नं. वडाध्यक्ष | |
| १२ | श्री दोर्ची शेर्पा | कार्यपालिका सदस्य | |
| १३ | श्री कवितादेवी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री दुर्गादिवी सुनुवार | कार्यपालिका सदस्य | दुर्गा |

CamScanner

| | | | |
|---|---|---|---|
| १५ | श्री रामकुमारी बस्नेत | कार्यपालिका सदस्य | |
| १६ | श्री पसि शेर्पा | कार्यपालिका सदस्य | |
| १७ | श्री आङ ल्वामु शेर्पा | कार्यपालिका सदस्य | |
| १८ | श्री गौरव राज केसी | प्रमुख प्रशासकीय अधिकृत | |
| १९ | श्री धन बहादुर थापा | प्रशासन सहायक | |

CamScanner

निर्णय नं १

प्रस्ताव नं १ माथी छलफल गर्दा खिजीदेम्बा गाउँपालिकाबाट सांस्कृतिक महोत्सव सञ्चालन गर्न खिजीदेम्बा ३ दिने सांस्कृतिक महोत्वसव उपभोक्ता समितिलाई दिने र उक्त कार्यक्रम सञ्चालन गर्न खिजीदेम्बा ३ दिने खुला सांस्कृतिक महोत्सव शिर्षकमा रु.७,००,०००.०० विनियोजन भएकोमा उक्त महोत्सव सञ्चालन गर्न आगामी गाउँसभाबाट रु. ५,००,०००.०० थप गर्ने निर्णय गरियो । उक्त महोत्सव सञ्चालन गर्नको लागि खिजीदेम्बा ३ दिने सांस्कृतिक महोत्वसव उपभोक्ता समितिसँग रु.९,९६,०००.०० मा सम्झौता गर्न गाउँपालिकालाई निर्देशन दिने निर्णय गरियो । कार्यक्रम सञ्चालनको लागि आवश्यक तयारी स्वरुप खिजीदेम्बा ३ दिने सांस्कृतिक महोत्वसव उपभोक्ता समितिलाई पेश्की बापत रु. ६,००,०००.०० प्रदान गर्न गाउँपालिकालाई निर्देशन दिने निर्णय गरियो । साथै उक्त कार्यक्रममा सहभागी जातजातिहरुबीच प्रतिस्पर्धा गराई ५ वटाभन्दा वढी झाँकी प्रस्तृत गर्ने जातजातिहरुको झाँकी मूल्यांकन गरी पुरस्कार स्वरुप प्रथम पुरस्कार बापत रु. ६८,०००.००, द्वितीय पुरस्कार बापत रु. २५,०००.०० र तृतीय पुरस्कार बापत रु.१५,०००.०० प्रदान गर्न समिति र कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । तामाङ्ग, शेर्पा र सुनुवार जातिको पुरस्कार बापतको रकम सोझै गाउँपालिकाबाट भुक्तानी गर्ने निर्णय समेत गरियो । उक्त सांस्कृतिक महोत्सव हरेक वर्ष सञ्चालन गर्ने र उक्त महोत्सव हरेक वर्ष सञ्चालनको जिम्मा जनजाति महासंघ खिजीदेम्बालाई दिने निर्णय समेत गरियो ।

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा खिजीदेम्बा गाउँपालिका वडा नं ५ खिजीफलाटे वजारमा मिति २०८१/०९/२७ गते राति आगलागि भई लक्ष्मी तामाङको घर जली पूर्णरुपमा क्षति भएको साथै उक्त घरमा बहालमा बस्ने विनोद सुनुवारको रेडिमेड कपडा पसल र होटलसमेत पूर्ण रुपमा जलेको थियो । सो सन्दर्भमा निज लक्ष्मी तामाङलाई आर्थिक सहायता बापत रु. ५०,०००.०० र उक्त घरमा सञ्चालनमा रहेको रेडिमेड कपडा पसलका सञ्चालक श्री विनोद सुनुवारलाई आर्थिक सहायता बापत रु. ५०,०००.०० दिने निर्णय गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा खिजीदेम्बा गाउँपालिकामा रिक्त एम.आई.एस. अपरेटर १ जना, सामुदायिक स्वास्थ्य इकाई वुक्तेलमा रिक्त कार्यालय सहयोगी १ जना, आधारभूत स्वास्थ्य केन्द्र बन्सेमा रिक्त कार्यालय सहयोगी १ जना र वडा नं ९ को वडा कार्यालयमा रिक्त कार्यालय सहयोगी १ जनाको विज्ञापन गरी पदपूर्ति गर्ने निर्णय गरियो ।

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

गम्बु शेर्पा
गाउँपालिका अध्यक्ष

का दरले हुन आउने रकम रु.११,६५,०००.०० गाउँ सभाको आगामी अधिवेशनबाट विनियोजन गरी भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ९

प्रस्ताव नं ९ माथि छलफल गर्दा नेपाल शेर्पा विद्यार्थी संघ जिल्ला कार्यसमितिको आयोजनामा खिजीदेम्वा गाउँपालिकामा मिति २०८१/११/११ गते सञ्चालन हुने हाफ म्याराथुनमा आर्थिक सहायता वापत विभिन्न दिवसीय कार्यक्रम शिर्षकबाट रु. ६५,०००.०० सहयोग गरी कार्यक्रमको सह-आयोजक हुने निर्णय गरियो ।

निर्णय नं १०

प्रस्ताव नं १० माथि छलफल नवनिर्मित ६ वटा वडा कार्यालयहरुको फर्निचर व्यवस्थापन र ९ नं वडाको झ्याल ढोका मर्मत शिर्षकमा रु. १२,००,०००.०० विनियोजन भएको उक्त कार्यको लागि कार्यालयबाट २ पटक शिलबन्दी दरभाउ पत्र आवहान गर्दा पनि एउटापनि प्रस्ताव नपरेको अवस्था छ । नयाँ वडा कार्यालयहरुमा फर्निचर अभावले गर्दा वडा सञ्चालनमा समस्या आएको साथै ९ नं वडा कार्यालयमा तत्काल झ्याल ढोका मर्मत नगर्दा वडा कार्यालयका महत्वपूर्ण कागजात साथै सामानहरु चोरी हुन सक्ने हुदाँ उक्त विनियोजित वजेट मध्येबाट रु.२,००,०००.०० रकम तत्काल उपभोक्ता समिति गठन गरी ९ नं वडाको झ्याल ढोका मर्मत गर्न खर्च गर्न गाउँपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै बाँकी हुने रु. १०,००,०००.०० रकमबाट लागत अनुमान परिमार्जन गरी कोटेशन मार्फत ६ वटा वडा कार्यालयको फर्निचर खरिद गरी छिटै नयाँ भवनबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन गाउँपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय समेत गरियो ।

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

गम्बु शेर्पा
गाउँपालिका अध्यक्ष